आज मिति २०८१ साल श्रावण महिनाको १२ गते [illegible]बारका दिन विहान ठिक १०:०० बजे यस छार्का ताङसोङ गाउँपालिकाको कार्यालय कागकोटमा गाउँपालिका अध्यक्ष श्री सेनाङ गुरुङ ज्यू को अध्यक्षतामा तपसीलका उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका निर्णय गरियो ।

उपस्थितिः

अध्यक्ष श्री सेनाङ गुरुङ

उपाध्यक्ष श्री कर्म ढुण्डुप गुरुङ

वडाअध्यक्ष श्री धावा लामा गुरुङ

वडाअध्यक्ष श्री टसी छोम्बेल गुरुङ

वडाअध्यक्ष श्री वाङजु गुरुङ

वडाअध्यक्ष श्री खाम्सुङ रोकाया

वडाअध्यक्ष श्री सोनाम साङवो गुरुङ

वडाअध्यक्ष श्री कार्मा तेन्जिन गुरुङ

महिला सदस्य श्री नेजिङ खाँडु गुरुङ

महिला सदस्य श्री छोईटोल गुरुङ

महिला सदस्य श्री धावा साङमु गुरुङ

महिला सदस्य श्री कान्छी ~~गुरुङ~~ बुढा

अल्पसंख्यक सदस्य श्री युरुङ घर्ती

अल्पसंख्यक सदस्य श्री ठोक्याल गुरुङ भोटे

सचिव श्री अमरराज सेजुवाल

अन्य उपस्थितिः

अधिकृत छैटौ श्री मणिराज पौडेल

कार्यालय सहयोगी श्री हरिशर्मा धराला

निर्णय नं. (१) यस गाउँपालिकाको आ. व. २०८०।०८१ को वार्षिक कार्यक्रम अनुसार CTRM/DOLPA/WORKS/NCB/02/080-081 गाउँपालिका बाटो तटबन्धन निर्माण योजनाको नियमानुसार ठेक्का सूचना प्रकाशित भई लागत अनुमान रु. १९९९९४९२।८१ भएकोमा सबै भन्दा कम अंक रु ९२७१५६२।४३ कबोल गर्ने श्री मष्टा भवानी निर्माण सेवा मुड्केचुला ९, डोल्पा सँग मिति २०८०।०९।११ मा सम्झौता भई मिति २०८०।०९।१२ को कार्य आदेश अनुसार मिति २०८०।०९।१२ बाट कार्य प्रारम्भ गरी मिति २०८१।०३।१५ मा योजनाको कार्य सम्पन्न गर्नुपर्ने म्याद रहेकोमा उपरोक्त बमोजिमको कार्य सम्पादन गर्न यस कार्यालयबाट प. सं. २०८०।०८१ चलानी नं. ३८३ मिति २०८०।१२।०६ को सम्झौता बमोजिमको काम समयमै गर्ने/गराउने सम्बन्धी पत्र, प सं २०८०।०८१ च नं ५७४ मिति २०८१।०३।१३ को प्राविधिक प्रतिवेदन पेश गर्ने सम्बन्धी पत्र र प. सं. २०८०।०८१ च. नं. ५७९ मिति २०८१।०३।१७ को प्राविधिक मूल्याङ्कन सहित विल पेश गर्ने सम्बन्धी पत्रबाट सम्बन्धित निर्माण व्यवसायीलाई जानकारी गराईएको अवस्थामा निर्माण व्यवसायीले उक्त बमोजिमको कार्य प्रारम्भ नै नगरेको व्यहोराको प्रतिवेदन यस कार्यालयबाट उक्त योजना हेर्न खटीएका प्राविधिकहरु मनराज शाही (अ. सव ईन्जिनियर), हरि प्रसाद रोकाय (सव ईन्जिनियर), पूर्वाधार विकास शाखा प्रमुख बम बहादुर भण्डारी (सव ईन्जिनियर) ले मिति २०८१।०३।१८ मा पेश गरेको प्राविधिक प्रतिवेदन र विभिन्न मितिमा प्राविधिक अनुगमन तथा निरीक्षण प्रतिवेदन, गाउँपालिका स्तरीय अनुगमन प्रतिवेदन र कार्य प्रारम्भ नै नगरेको प्राविधिक प्रतिवेदन अनुसार कुनै कार्य प्रारम्भ नभएको कैफियत उल्लेख भए बमोजिम कारवाहीको लागि सिफारीस भएकोले यस कार्यालयबाट मिति २०८१।०३।२५ गते पहिलो पटक र मिति २०८१।०४।०६ गते दोस्रो पटक ताकेता सम्बन्धी पत्र पठाईएकोमा उक्त निर्माण कम्पनीले पहिलो पटक मिति २०८१।०४।०२ र दोस्रो पटक मिति २०८१।०४।१० गते पेश गरेको जानकारी तथा प्रतिबद्दता सम्बन्धी स्पष्टीकरण चित्तबुझ्दो नभएको र निजले कानूनले तोकेको समय भित्र म्याद थप सम्बन्धी कुनै प्रयास नगरेको तथा नियमानुसार म्याद थप हुने कुनै पनि मनासिव कारण नरहेको तथा यस योजना संघीय सरकारको समपुरक अनुदान तर्फको भएकोले २०८१ साल असार मसान्तमा रकम फ्रिज भई आगामी आ. व. २०८१।०८२ मा श्रोतको सुनिश्चितता गर्न नसकिने हुँदा म्याद थप गर्न नसकिने भएकोले श्री मष्टा भवानी निर्माण सेवा मुड्केचुला ९, डोल्पाले यस सार्वजनिक निकायलाई हानी नोक्सानी हुने कार्य गरेको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ (ग) बमोजिम खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत रुपमा त्रुटी गरेको र सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा (३) (ख) (७) र (८) र छार्का ताङसोङ गाउँपालिका सार्वजनिक खरिद नियमावली २०७९ को परिच्छेद १२ नियम १४२ (३)बमोजिम सम्झौता बमोजिमको काम प्रारम्भ नै नगरी कार्य सम्पन्न गर्नुपर्ने समय गुजारी सार्वजनिक निकायलाई हानी नोक्सानी हुने कार्य गरेकोले ठेक्का सम्झौता अन्त्य गरी सो काम वापत राखिएको बैंक ग्यारेण्टी(Performance Bond) रकम रु ३५७२५५७।८९ (अक्षरुपी पैंतिस लाख बहत्तर हजार पाँच सय सन्ताउन्न रुपैयाँ उनानब्बे पैसा मात्र) जमानत जफत गरी सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम श्री मष्टा भवानी निर्माण सेवाबाट सरकारी बाँकी सरह असुल उपर गर्न/गराउन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ (१) बमोजिम कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारीस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. (२)** यस गाउँपालिकाको आ. व. २०८०।०८१ को वार्षिक कार्यक्रम अनुसार CTRM/DOLPA/WORKS/NCB/04/080-081 कागकोट देखि भारबुङ सडक निर्माण योजना को नियमानुसार ठेक्का सूचना प्रकाशित भई रु. १४९९९९७२।९५ लागत अनुमान भई सबै भन्दा कम अंक रु. ५५०५१३८।३८ कबोल गर्ने मष्टा भवानी निर्माण सेवा मुड्केचुला ९, डोल्पा सँग मिति २०८०।०७।११ मा सम्झौता भई मिति २०८०।०९।१६ को कार्य आदेश अनुसार मिति २०८०।०९।१६ बाट कार्य प्रारम्भ गरी मिति २०८१।०३।१५ मा योजनाको कार्य सम्पन्न गर्नुपर्ने म्याद रहेकोमा उपरोक्त बमोजिमको कार्य सम्पादन गर्न यस कार्यालयबाट प. सं. २०८०।०८१ चलानी नं. ३८३ मिति २०८०।१२।०६ को सम्झौता बमोजिमको काम समयमै गर्ने/गराउने सम्बन्धी पत्र, प सं २०८०।०८१ च नं ५७४ मिति २०८१।०३।१३ को प्राविधिक प्रतिवेदन पेश गर्ने सम्बन्धी पत्र र प. सं. २०८०।०८१ च. नं. ५७९ मिति २०८१।०३।१७ को प्राविधिक मूल्याङ्कन सहित विल पेश गर्ने सम्बन्धी पत्रबाट सम्बन्धित निर्माण व्यवसायीलाई जानकारी गराईएको अवस्थामा यस ठेक्काको लागत अनुमान १४९९९९७२।९५ भएकोमा ५५०५१३८।३८ मा ठेक्का कबोल गरी कबोल अंकको रु १७३५१०२।४१ को मात्र कार्य गरी ३७७००३५।९७ बराबरको कार्य नै नगरेको यस कार्यालयबाट उक्त योजना हेर्न खटिएका प्राविधीक मञ्जु बडु (असिस्टेण्ट सव ईन्जिनियर), लैकी गुरुङ (सव ईन्जिनियर), पूर्वाधार विकास शाखा प्रमुख बम बहादुर भण्डारी (सव ईन्जिनियर) ले मिति २०८१।०३।१८ मा पेश गरेको प्राविधिक प्रतिवेदन, गाउँपालिका स्तरीय अनुगमन प्रतिवेदन र प्राविधिक मूल्याङ्कन सहित विल पेश भए अनुसार ३१.५२ % मात्र कार्य सम्पन्न भएकोले यस कार्यालयबाट मिति २०८१।०३।२५ गते पहिलो पटक र मिति २०८१।०४।०६ गते दोस्रो पटक ताकेता सम्बन्धी पत्र पठाईएकोमा उक्त निर्माण कम्पनीले पहिलो पटक मिति २०८१।०४।०२ र दोस्रो पटक मिति २०८१।०४।१० गते पेश गरेको जानकारी तथा प्रतिबद्दता सम्बन्धी स्पष्टीकरण चित्तबुझ्दो नभएको र निजले कानूनले तोकेको समय भित्र म्याद थप सम्बन्धी कुनै प्रयास नगरेको तथा नियमानुसार म्याद थप हुने कुनै मनासिव कारण नभएकोले तथा यस योजना प्रदेश सरकारको समपुरक अनुदान तर्फको भएकोले २०८१ साल असार मसान्तमा रकम फ्रिज भई आगामी आ. व. २०८१।०८२ मा श्रोतको सुनिश्चितता गर्न नसकिने हुँदा म्याद थप गर्न नसकिने भएकोले श्री मष्टा भवानी निर्माण सेवा मुड्केचुला ९ डोल्पाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) अनुसार खरिद सम्झौता बमोजिम कामको प्रगति नगरेकोले र सम्झौता बमोजिमको कार्य जानीजानी बदनियतपूर्वक र लापरवाहीको कारणले सम्पन्न नगरेकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५९ को उपदफा (३) (क) (ख) (७) र (८) बमोजिम सम्झौता बमोजिमको कामको प्रगति नगरी कार्य सम्पन्न गर्नुपर्ने समय गुजारी यस सार्वजनिक निकायलाई हानी नोक्सानी हुने कार्य गरेकोले ठेक्का सम्झौता अन्त्य गरी सो काम वापत राखिएको बैंक ग्यारेण्टी(Performance Bond) रकम रु २७६९२१६।०० (अक्षरुपी सत्ताईस लाख उनान्सत्तरी हजार दुई सय सोह्र रुपैयाँ मात्र) र बैंक धरौटी रकम रु ७६७७४।४४ (अक्षरुपी छयहत्तर हजार सात सय चौहत्तर रुपैयाँ चवालिस पैसा मात्र) सो काम वापत राखिएको पूरै जमानत रकम जफत गरी सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम श्री मष्टा भवानी निर्माण सेवाबाट सरकारी बाँकी सरह असुल उपर गर्न/गराउन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ (१) बमोजिम कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारीस गरी पठाउने निर्णय गरियो।

**निर्णय नं. (३)** गत आर्थिक वर्ष २०८०।०८१ मा बिभिन्न कारणले भुक्तानी दिन बाँकी रहेको विभिन्न शिर्षकहरुको भुक्तानी दिन बाँकीको कच्चेवारी म. ले. प. फा. नं. २२१ (१८) मा उल्लेखित रकम चालु आर्थिक वर्ष २०८१।०८२ मा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. (४)** यस छार्का ताङसोङ गाउँपालिकाले तयार गरेको पार्श्वचित्र छार्का ताङसोङ गाउँपालिकाको पार्श्वचित्र २०८० तयार भई चालु रहेको अवस्थामा आ. व. ०८०।०८१ को असार मसान्त सम्मको तथ्याङ्कको आधारमा अद्यावधिक गर्नुपर्ने भएकोले देहाय अनुसारको कार्यदल गठन गरी जिम्मेवारी तोक्ने निर्णय गरियो ।

कार्यदलः

संयोजक - अमरराज सेजुवाल (प्रमुख प्रशासकीय अधिकृत)
सदस्य - बुद्दि बहादुर धरला (स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख)
सदस्य - बिष्णु बहादुर के. सी. (कृषि तथा पशुपञ्छी विकास शाखा प्रमुख)
सदस्य - किरण के. सी. (सूचना प्रविधी शाखा प्रमुख)
सदस्य - रामकृष्ण बुढा (राजश्व तथा आर्थिक प्रशासन शाखा प्रमुख)
सदस्य - बम बहादुर भण्डारी (पूर्वाधार विकास शाखा प्रमुख)
सदस्य - प्रेयङ्का कुमारी जोशी (शिक्षा, युवा, खेलकूद एवं महिला विकास शाखा प्रमुख)
सदस्य - कल्पना कुमारी शाही (रोजगार सेवा केन्द्र प्रमुख)
सदस्य - भक्त बहादुर बुढा (सामान्य प्रशासन शाखा प्रमुख)
सदस्य - पदम बहादुर बुढा (एम.आई.एस. अपरेटर)
सदस्य - शिवानन्द गिरी (लघु उद्यम बिकास कार्यक्रम संयोजक)
सदस्य-सचिव - मणिराज पौडेल (योजना अनुगमन तथा तथ्याङ्क शाखा प्रमुख)

**निर्णय नं. (५)** यस छार्का ताङसोङ गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता (खासस्व) योजना २०८० निर्माण भई चालु रहेको अवस्थामा आ व ०८०।०८१ को असार मसान्त सम्मको तथ्याङ्कको आधारमा यसलाई अद्यावधिक गर्नुपर्ने भएकोले यस कार्यालयका खानेपानी सरसफाई तथा स्वच्छता (WASH) क्षेत्र हेर्ने फोकल पर्सन मणिराज पौडेल (योजना अनुगमन तथा तथ्याङ्क शाखा प्रमुख) लाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं. (६)** यस छार्का ताङसोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको आगामी आ. व. ०८१।०८२ को खरिद योजना तर्जुमा गर्ने, खरिद कार्यवाही सञ्चालन गर्ने र खरिद सम्बन्धी कार्यलाई मितव्ययी,पारदर्शी, बस्तुनिष्ठ एवं विश्वसनीय बनाउन अर्को व्यवस्था नभए सम्मको लागि गाउँपालिकामा देहाय बमोजिमको खरिद ईकाई गठन गर्ने निर्णय गरियो ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

संयोजकः- मणिराज पौडेल, योजना अनुगमन तथा तथ्याङ्क शाखा प्रमुख
सदस्यः- बुद्दि बहादुर धराला, स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख
सदस्यः- बिष्णु बहादुर के. सी., कृषि तथा पशुपन्छी विकास शाखा प्रमुख
सदस्यः- बम बहादुर भण्डारी, पूर्वाधार विकास शाखा प्रमुख
सदस्य-सचिवः- भक्त बहादुर बुढा, सामान्य प्रशासन शाखा प्रमुख

**निर्णय नं. (७)** आगामी आर्थिक वर्ष २०८१।०८२ मा यस छार्का ताङसोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र विषयगत शाखाहरुमा हुने खरिद सम्बन्धि कार्यलाई मूल्याङ्कन गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७१ र छार्का ताङसोङ गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५७ बमोजिम यस गाउँपालिकामा देहाय बमोजिमको मूल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो।

अध्यक्षः- ई. बम बहादुर भण्डारी, पूर्वाधार विकास शाखा प्रमुख
सदस्यः- रामकृष्ण बुढा, लेखापाल, राजश्व तथा आर्थिक प्रशासन शाखा
सदस्यः- मनराज शाही, असिस्टेण्ट सव ईन्जिनियर
सदस्यः- भक्त बहादुर बुढा, खरिदार, सामान्य प्रशासन शाखा।
सदस्य-सचिवः- मणिराज पौडेल, योजना अनुगमन तथा तथ्याङ्क शाखा प्रमुख

**निर्णय नं. (८)** हालै आएको अविरल वर्षाको कारणले यस गाउँपालिका वडा नं ३ मा रहेको धेलुङ्गा खोला देखि ढोल्देर सम्म बाटो भत्किएर आवागमन अवरुद्द भएको कारणले गाउँपालिका कार्यालय लगायत कागकोट वस्ति र सो भन्दा उत्तर तर्फ जाने स्थानीयवासीहरु र घोडा खच्चडहरुलाई असहजता भएको कारणले उक्त बाटो तत्काल मर्मत गर्न डोजरको लागि इन्धन खरिद तथा ढुवानी शीर्षकबाट रु १० लाख रकमान्तर गर्ने ।

**निर्णय नं. (९)** छार्का ताङसोङ गाउँपालिकाको कार्यालय कागकोटमा अमृता निर्माण सेवाले "घ" वर्गको निर्माण व्यवसायी सम्बन्धी कार्यविधी २०७५ को दफा २ को उपदफा ४ अनुसार दर्ताको लागि आवश्यक सम्पूर्ण कागजात सहित निवेदन पेश गरेको र उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दुनै डोल्पामा दर्ता समेत भएकोले सो फर्म दर्ता गर्ने निर्णय गरियो।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत